# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक नं.-

बैठक मिति २०७९/११/१४

अर्जुनचौपारी गाउँपालिकाका अध्यक्ष श्री प्रकाश तिवारी ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितीमा बसी तपसिल बमोजिमको एजेण्डाहरु माथी छलफल गरी निर्णय गरियो ।

| क्र.स. | पद | नाम, थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश तिवारी | | |
| २ | उपाध्यक्ष | श्री सपना गुरुङ | | |
| ३ | सचिव | श्री उज्वल बहादुर बस्नेत | | |
| ४ | सदस्य | श्री रण बहादुर थापा | | |
| ५ | सदस्य | श्री धन बहादुर गुरुङ | | |
| ६ | सदस्य | श्री शोभाकान्त काफ्ले | | |
| ७ | सदस्य | श्री भुवान सिं गुरुङ | | |
| ८ | सदस्य | श्री बद्री प्रसाद पौडेल | | |
| ९ | सदस्य | श्री नारायण प्रसाद ढकाल | | |
| १० | सदस्य | श्री देवि लम्साल | | |
| ११ | सदस्य | श्री विन्दु जि.टी घर्ती | | |
| १२ | सदस्य | श्री प्रेम बहादुर नेपाली | | |
| १३ | सदस्य | श्री ज्योति के.सी ढकाल | | |
| १४ | सदस्य | श्री मिना सुनार | | |
| १५ | सदस्य | श्री राम बहादुर घर्ती | | |
| | | आमन्त्रीत | | |
| १६ | श्री कमल भण्डारी | क.अ. | | |
| १७ | श्री भरत पोखरेल | स्वकीय सचिव | | |
| | | | | |

CamScanner

# अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

बैठक सं.-

बैठक मिति २०७९/११/१४

**एजेण्डाहरुः**

१. समिक्षा सम्वन्धमा ।

२. योजना सम्झौता सम्वन्धमा ।

३. Fra र वित्त आयोगको नतिजा सम्वन्धमा ।

४. एम्बुलेन्सको भाडादर निर्धारण सम्वन्धमा ।

५. मकैको विउ खरिद सम्वन्धमा ।

६. खानी दर्ता सम्वन्धमा ।

७. विविध ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा मिति २०७९/१०/१८ मा कार्यपालिका बैठकबाट निर्णय भएका सम्पूर्ण निर्णयहरु अधिकांश कार्यान्वयन अवस्थमा रहेका हुँदा कार्यान्वयनमा हुन रहेका कार्यहरु पनि यथासिघ्र कार्यान्वयन गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको हिउँदे गाउँसभाबाट पारित भई विनियोजन भएका योजना/कार्यक्रमहरुको उपभोक्ता समिति गठन गरी यथाशिघ्र योजना सम्झौता गरी कार्यान्वयनमा ल्याउने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा Fra मा ६४।५ अङ्क प्राप्त भएको र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको मूल्याङ्कनमा ६० अङ्क प्राप्त भएकोले आगामी बर्षहरुमा उल्लेखित सूचकहरुमा अझै राम्रो नतिजाको लागि सम्वन्धित सबै शाखाहरुलाई आवश्यक कार्य गर्नको लागि निर्देशन दिने सर्वसहमत निर्णय गरियो ।

# अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

बैठक सं.-

बैठक मिति २०७९/११/१४

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्वास्थ्य कार्यालय स्याङ्जाको च.नं. २४२ मिति २०७९/१०/१३ को पत्र बमोजिम जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको निर्णय तथा गण्डकी प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्रानुसार अर्जुनचौपारी गाउँपालिकाद्धारा सञ्चालमा रहेको एम्बुलन्सको भाडामा समेत १५ प्रतिशत वृद्धि गरी संचालन गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको शर्शत अनुदान रैथाने बाली प्रवद्ध अन्तर्गत गाउँपालिका भित्रका किसानहरुलाई उन्नत जातको मकैको विउ खरिद गरी वितरण गर्नको लागि श्री मनकामना कृषक समूह सँग सम्झौता गरी कार्य प्रकृया अगाडी बढाउने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ६**

१. प्रस्ताव नं. ६ माथि छलफल अर्जुनचौपारी गाउँपालिकाको आन्तरिक आयलाई बृद्धि गरी आर्थिक रुपमा सवल गाउँपालिका बनाउने उद्धेश्यले गाउँपालिका भित्रका सम्भाव्य स्थानहरुमा खानी दर्ताका लागि सम्वन्धित निकायमा पेश गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ७**

१. प्रस्ताव नं. ७ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ रापाकोट निवासी हिरा दमै छाला रोगबाट ग्रसित भई उपचारार्थ रहेको साथै निजको पारिवारीक आर्थिक अवस्था ज्यादै न्यून भएको हुँदा निजको उपचारको लागि रु १०,०००।– आर्थिक सहयोग गर्ने सर्वसहमत निर्णय गरियो ।

२. प्रस्ताव नं. ७ माथि छलफल गर्दा नेपाल जुनियर रेडक्रस सर्कल अर्जुनचौपारी स्याङ्जा र नेपाल शिक्षक संघ स्याङ्जालाई रु ५० हजार/५० हजारका दरले आर्थिक सहयोग गर्ने सर्वसहमत निर्णय गरियो ।

३. प्रस्ताव नं. ७ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ निवासी रिक्की नेपाली सार्की गण्डकी अस्पताल पोखरामा उपचारार्थ रहेको साथै निजको आर्थिक अवस्था न्यून रहेको हुँदा निजको उपचारको लागि रु २०,०००।– आर्थिक सहयोग गर्ने सर्वसहमत निर्णय गरियो ।

Prakash

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं.-

बैठक मिति २०७९/११/१४

४. प्रस्ताव नं. ७ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको सुनौलो निवृत्तिभरण कार्यक्रम कार्यविधि, २०७९ पारित गरी कार्यान्वयनमा ल्याउने सर्वसहमत निर्णय गरियो ।

५. प्रस्ताव नं. ७ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको सामुदायिक विद्यालयको बार्षिकोत्सव मनाउने सम्वन्धी कार्यविधि, २०७९ पारित गरी कार्यान्वयनमा ल्याउने सर्वसहमत निर्णय गरियो ।

६. प्रस्ताव नं. ७ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका खानेपाली मूल दर्ता एवं सरसफाई उपभोक्ता समिति, कार्यविधि, २०७९ पारित गरी कार्यान्वयनमा ल्याउने सर्वसहमत निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको शैक्षिक सुधार कार्यविधिको परिच्छेद ३ संशोधन गरी कार्यान्वयनमा ल्याउने सर्वसहमत निर्णय गरियो । र शिक्षक मूल्याङ्कन सम्बन्धि व्यवस्था परिच्छेद ९ र प्रधानाध्यापक छनौट सम्वन्धि व्यवस्था परिच्छेद १० थप गरी शैक्षिक सुधार कार्यविधि संसोधन एवं कार्यान्वयनमा ल्याउने सर्वसहमत निर्णय गरियो ।

८. प्रस्ताव नं. ७ माथि छलफल गर्दा अर्जुनचौपारी अर्जुनचौपारी गाउँपालिका वडा नं. १ स्थित भिङ्गेखोला खानेपानी टंकी मिति २०७९/११/१५ गतेका दिन खानेपानीको मूल टंकीको सहत भन्दा तल गई खानेपानी अवरुद्ध भएको हुँदा विपद् व्यवस्थापना कोषबाट उक्त खानेपानी टंकी मर्मत कार्यको लागि रु १,५०,०००।- उपलव्ध गराउने सर्वसहमत निर्णय गरियो ।

९. प्रस्ताव नं. ७ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवनको ठेक्का नं. ACRM/NCB/W/BLD/01/2077/078 Construction of Administrative Building of Arjunchaupari Rural Municipality को निर्माण कार्य तोकिएको म्याद भित्र सम्पन्न हुन नसक्ने भएको किरातेश्वर कन्स्ट्रक्शन एण्ड ड्रिलिङ्ग कम्पनि प्रा.लिले म्याद थप गरिपाउँ भनी यस कार्यालयमा निवेदन समेत दिईएको हुँदा उक्त ठेक्का अन्तर्गतको नर्माण कार्यको लागि आवश्यक प्रकृया पुरा गरी बढीमा २०८० बैशाख मसान्त सम्म म्याद थप गर्ने सर्वसहमत निर्णय गरियो ।

Prakash

CamScanner